# दुहवी नगरपालिका, सुनसरी

## दुहवी नगरपालिकाको विनियोजन ऐन २०७४

दुहवी नगर सभाबाट स्वीकृत मिति: २०७४।०३।३१

ऐन नं. /२०७४/०७५

दुहवी नगरपालिकाको आर्थिक बर्ष २०७४/०७५ को सेवा र कार्यहरुको लागि
स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको
विनियोजन ऐन २०७४

दुहवी नगरपालिका, सुनसरी

# दुहवी नगरपालिकाको विनियोजन ऐन २०७४

## दुहवी नगरपालिकाको आर्थिक बर्ष २०७४/०७५ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७४

दुहवी नगरसभाबाट स्वीकृत मितिः २०७४।०३।३१
प्रमाणिकरण मिति २०७४।०४।०१

**प्रस्तावना**

दुहवी नगरपालिकाको आर्थिक बर्ष २०७४।०७५ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम दुहवी नगरसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"दुहवी नगरपालिकाको विनियोजन ऐन, २०७४"** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा**

क. नगर सभा भन्नाले दुहवी नगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ ।

ख. कार्यपालिका भन्नाले दुहवी नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

ग. वडा समिति भन्नाले दुहवी नगरपालिकाको वडा समिति सम्झनु पर्दछ ।

घ. विषयगत शाखा भन्नाले दुहवी नगरपालिका अन्तर्गतको शाखा, आयोजना सचिवालय, इकाई, कार्यालय तथा प्रशासनिक इकाईलाई समेत सम्झनु पर्दछ ।

ङ. संचित कोष भन्नाले दुहवी नगरपालिकाको संचित कोषलाई सम्झनु पर्दछ ।

३. **आर्थिक वर्ष २०७४।०७५को निमित्त सञ्चित कोषबाट रकमखर्च गर्ने अधिकारः**

(१) आर्थिक वर्ष २०७४।०७५को निमित्त दुहवी नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च रु.५,४०,६५,०००।- पूँजिगत खर्च रु.२३,७५,५०,१७५।४९ र बित्तीय व्यवस्थाको रकम रु.९,९४,९९,०००- र सामाजिक सुरक्षा भत्ता रु.६,४०,१९,०००।-समेत गरी जम्मा रकम

रु.४५,५१,३३,१७५।४९ (अक्षेरुपी पैंतालिस करोड एकाउन्न लाख तेत्तिसहजार एकसय पचहत्तर पैसा उनन्चास मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

४. **विनियोजन:** (१) यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७४।०७५ को लागि दुहवी नगरपालिका, नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १०प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

# अनुसूचि-१
## (दफा ३ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम संचित कोषबाट खर्च हुने रकम (रुं हजारमा)

| क्र. सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | | नगर कार्यपालिका | ३३,४०० | ६६,७३८ | ० | १०,०१३८ |
| २ | | वडा समिति | ० | १,६५,४६२ | ० | १,६५,४६२ |
| ३ | | बिषयगत शाखा | ० | ० | ९९,४९९ | ९९,४९९ |
| ४ | | ऋणको सावा व्याज भुक्तानी | ० | ० | ० | ० |
| ५ | | लगानी (शेयर/ऋण) | ० | ० | ० | ० |
| ६ | | सामाजिक सुरक्षा | ६४,०१९ | ० | ० | ६४,०१९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | आन्तरिक आय | २०,६६५ | ५,३५० | | २६,०१५ |
| ७ | | **जम्मा** | ११८०८४ | २,३७,५५० | ९९,४९९ | ४,५५,१३ ३ |

**<u>प्रमाणित गर्ने</u>**

दस्तखतः

प्रमुख श्री बेदनारायण गच्छदार

दुहवी नगरपालिका

मिति : २०७४।०४।०१